"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty - Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
# Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No.):
चलानी नं. (Reg. No.):

कृषि विकास शाखा

**विषय: कार्यक्रममा सहभागीताको लागि प्रस्ताव/आवेदन आव्हानको सूचना ।**

<u>दोस्रो पटक सूचना प्रकाशित मितिः २०८१/११/०५</u>

महालक्ष्मी नगरपालिका कृषि विकास शाखाको आ.ब २०८१/०८२ को प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत <u>संरक्षित संरचनामा तरकारी खेती प्रबर्द्धन कार्यक्रम (वडा नं ९ मा पुराना टनेललाई नयाँ फलामे टनेल बनाउने)</u> कार्यक्रम रहेकोमा उक्त कार्यक्रम संचालनका लागि महालक्ष्मी नगरपालिका वडा नं ९ का ईच्छुक कृषक/कृषक समुह/कृषि फर्म/कृषि सहकारीहरुका लागि मिति २०८१/१०/१३ मा प्रथम पटक २१ दिने सूचना प्रकाशित भएको र सूचना अबधिभित्र प्रर्याप्त प्रस्ताव प्राप्त नभएकाले उक्त कार्यक्रमका लागि कार्यविधिमा ब्यवस्था भए अनुसार मिति २०८१।११।०५ गतेबाट लागु हुने गरी (मिति २०८१।११।१९ गते सम्म) दोस्रो पटकका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ ।सूचनाको म्याद भित्र तपसीलका शर्त तथा कागजात सहित प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ ।

<u>आवश्यक शर्त तथा कागजातहरु:</u>

- आवेदकले कम्तिमा २ बर्ष देखि टनेल खेती गर्दै आएको हुनुपर्ने छ।
- आवेदक ब्यक्तिगत फर्मको हकमा फर्म दर्ता, नागरिकता र कम्तीमा ३ रोपनी जग्गा भएको प्रमाणपत्रको प्रतिलिपि ।
- कृषि समुह/सहकारी/संस्थाको हकमा नियमानुसार दर्ताको प्रमाणपत्र एवं १० देखि २५ रोपनी जग्गाको उपलब्धताको प्रमाणको प्रतिलिपी ।
- जग्गाको स्वामित्व आफ्नै भए सोको प्रमाण र भाडामा भए कम्तिमा १० बर्षको बहाल करार सम्झौताको कागजातको प्रतिलिपी ।
- आवेदकले महालक्ष्मी नगरपालिकाले तोकेको ढाँचामा (५० प्रतिशत साझेदारी ब्यहोर्ने प्रतिवद्धता सहित) प्रस्ताव पेश गर्नुपर्ने छ ।
- छनौट भएका आवेदकले नगरपालिकासंग गरेको सम्झौता बमोजिम स्वीकृत लागत अनुमान र स्पेसिफिकेशनका आधारमा फलामे टनेल निर्माण गर्नुपर्नेछ ।
- आवेदकले प्रस्ताव संगै टनेल निर्माण गर्ने स्थानको स्पष्ट देखिने गरी रंगीन फोटो पेश गर्नुपर्ने छ ।
- म्याद नाघी आएका रित नपुगेको प्रस्ताव उपर कुनै कारबाही हुने छैन ।
- प्रस्ताव स्वीकृत सम्बन्धि सम्पूर्ण अधिकार महालक्ष्मी नगरपालिकामा रहनेछ ।

गणेश बहादुर थापा
अधिकृत छैठौं

..........................
इन्द्रप्रसाद अधिकारी
अधिकृत आठौं

फोनः ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np